bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

एसियन पेन्टस र सेरा कम्पनीको आधिकारीक बिक्रेता




सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोला ।

प्रो. श्याम मौरती
व्यास-२, भेटघाटचोक, दमौली, तनहुँ
फोन:०६५-५६२६८७, ९८५६०६०३४७

ग्रिनरी भानु सप्लायर्स

वर्ष ४० अंक ५३ | २०७८ जेठ ३१ गते सोमबार, नेपाल सम्वत् ११४१ June 14, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**कृषकलाई मौरीपालन सामाग्रि :** तनहुँको देवघाट गाउँपालिकाको वडा नं. २ र ३ मौरीपालक कृषकहरूलाई आवश्यक सामाग्रि हस्तान्तरण गरिदै । नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको आर्थिक र प्राविधिक सहयोगमा 'गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम' अन्तर्गत देवघाट गाउँपालिकाले छिपछिपे भञ्ज्याङमा एक हाप्ते व्यावसायिक मौरीपालन सीप विकास तालिम सञ्चालन गरेको थियो। उक्त तालिममा वडा नं. २ र ३ का २५ जना मौरीपालक युवा कृषकहरूको सहभागि भएको थिए भने सहभागि प्रत्येक कृषकलाई ६ हजार ५०० रूपैयाँ बराबरको मौरीपालन सामग्री हस्तान्तरण गरिएको थियो । *तस्विर : भञ्ज्याङ*

# गण्डकीमा समृद्धिका कार्यक्रम शुरू : निवर्तमान मुख्यमन्त्री गुरुङ

**भञ्ज्याङ समाचारदाता/पोखरा**

गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङले आफू नेतृत्वको सरकारले प्रदेशमा समृद्धिका कार्यक्रम शुरू गरेको बताउनुभएको छ । मुख्यमन्त्रीको सरकारी निवासमा आज आयोजित पत्रकार सम्मेलनमा उहाँले प्रदेशका जनताका भावना, आकाङ्क्षा र विश्वासको कदर गरेर नै यो प्रदेशलाई देशभरका प्रदेशमध्ये अब्बल प्रदेश, उत्कृष्ट प्रदेश सरकार र प्रभावकारी प्रदेशसभा बनाउन सफलता प्राप्त भएको बताउनुभयो । "सीमित साधन स्रोत र बजेटका आधारमा हामीले प्राप्त गरेका उपलब्धिहरु लोभ लाग्दा छन्", उहाँले भन्नुभयो, "संघीयताका कोशेढुङ्गा बनेका छन्, प्रदेश सरकार गठन गरी हामीले कार्य प्रारम्भ गर्दा शून्य अवस्थाबाट प्रारम्भ गरेका थियौं, अहिले प्रदेश गौरवका आयोजनाअन्तर्गत कोरला त्रिवेणी सडक, शालिग्राम कोरिडोर, प्रदेश प्रशासनिक भवन, प्रदेशसभा भवन, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान भवन निर्माणका कार्य प्रारम्भ गरिएको छ ।"

एक निर्वाचन क्षेत्र एक सडक र स्थानीय तहका केन्द्र जोड्ने सडक, उज्यालो गण्डकी प्रदेश, एक घर एक धारा खानेपानी योजना, प्रदेश शिक्षण अस्पताल निर्माण, गण्डकी विश्वविद्यालय र



गण्डकी प्राविधिक प्रतिष्ठानका पूर्वाधार निर्माण, पृथ्वी राजमार्ग र सिद्धार्थ राजमार्गको स्तरोन्नति, प्रादेशिक औद्योगिक क्षेत्रको स्थापना जस्ता समृद्धिका कार्यक्रम शुरूआत भएको उहाँले बताउनुभयो ।

नेपालको राजनीतिमा मडारिएको आग्रह, कुण्ठाजन्य आक्रोश र बदलाभावले नेकपा (एमाले)को यहाँको सरकारलाई विस्थापित गरिएको उल्लेख गर्दै उहाँले नेपालको लोकतन्त्रको इतिहासमा किन बारम्बार बहुमत प्राप्त सरकारलाई अपदस्थ गर्ने षड्यन्त्रमा स्वयम् दलहरु र तिनको नेतृत्व पङ्क्ति संलग्न रहन्छ भन्दै प्रश्न गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टीको नेतृत्व केवल विद्रोह गर्नका लागिमात्र हो कि यो निर्माण र विकासको अगुवा पनि हो भन्ने प्रश्नले आफूलाई बारम्बार झस्काउने गरेको चर्चा गर्दै उहाँले यी सबै अवरोध पन्छाएर समाजको विकास र रूपान्तरणको नेतृत्व लिनै पर्ने तथा टुटाउन खोजिएका जनताका सपना पूरा गर्ने पर्नेमा जोड दिनुभयो । सत्तामा हुँदा र नहुँदा, पद पाउँदा र नपाउँदा बोलिने भाषा र गरिने व्यवहार निरपेक्ष हुनुपर्ने उल्लेख गर्दै उहाँले जनताप्रति गरिने विश्वासघात कुनै पनि तर्कमा साबित हुन नसक्ने बताउनुभयो ।

राजनीति गतिशील हुने र यो गतिशीलता समाज तथा प्रकृतिको द्वन्द्वबाट प्राप्त हुने जनाउँदै गुरूङले समाज र यसका परिवर्तनको गति मनोगत आग्रहबाट चालित हुन्न यो त विज्ञानको नियमअनुसार नै चल्नेमा जोड दिनुभयो । कोरोना महामारीका बेलामा पनि सत्ता राजनीतिको दाउपेचमा अल्झिनु न्यायसङ्गत हुँदैनथ्यो भन्दै उहाँले केन्द्रीय राजनीतिको सिकार प्रदेश सरकारमा गरिनु जायज हुन नसक्ने चर्चा गर्नुभयो ।

लोकतन्त्र भनेको अराजकता र भीडतन्त्र केही पनि नभएको जनाउँदै उहाँले लोकतन्त्रमा सत्तामा रहनु र सत्ताबाहिर हुनु सामान्य नै भएको बताउनुभयो । उहाँले भन्नुभयो, "जन अभिमतविरूद्ध बञ्चरो प्रहार गर्ने प्रवृत्ति लोकतन्त्र, संघीयता र गणतन्त्रका लागि हानि पुर्‍याउने प्रवृति हो ।" उहाँले प्रदेशमा सरकार सञ्चालनका क्रममा सहयोग पुर्‍याउने सत्ता साझेदार र प्रतिपक्षी सबै राजनीतिक दल, कर्मचारीतन्त्र, सुरक्षा निकाय, पत्रकार, नागरिक समाज, समर्थक शुभचिन्तक सबैलाई सहयोगका निम्ति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । रासस

www.bhanjyangnews.com

Email : bhanjyangdml@gmail.com

# भिडियो एक्स-रेको प्रयोग गरी पशुको उपचार

**भञ्ज्याङ समाचारदाता/दमौली**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले भिडियो एक्स–रे मेशिनको प्रयोग गरी साना पशुहरूको उपचार सेवा प्रवाह गरेको छ । कार्यालयले यो मेशिनको प्रयोग गरी साना पशुहरूमा देखिने रोगहरू निदानको लागि सहज भएको जनाएको छ ।

विशेष गरी कुकुर, बाख्रा जस्ता साना पशुमा देखिने पत्थरी जस्ता रोगहरू पहिचान गरी निदान गर्न भिडियो एक्स–रे मेशिनको प्रयोग गर्ने गरेको कार्यालयका प्रमुख डा. बालकुमार श्रेष्ठले बताए । उनले भने, 'गाई भैंसी जस्ता ठुला पशुहरूमा बाँझोपन निवरण तथा अन्य रोगको पहिचानमा यो मेशिन उपयोगी भएको छ । यो प्रविधिलाई रेक्टर प्रोप भन्छन यसलाई गुद्वार भित्र राखेर पाठेघरमा भएका बिकृतिका उपचारमा सहज भएको छ ।'

यस्तै, कार्यालयले बहुवर्षीय योजना अन्तरगत मोडल भेटेरिनरी अस्पताल निर्माण प्रक्रिया अगाडि बढाएको छ । अस्पताल निर्माणका लागि ठेक्का लागि सकेको र १८ महिना भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको प्रमुख डा. श्रेष्ठले बताए । अस्पताल निर्माण पश्चात तनहुँ जिल्ला सहित आसपासका छिमेकी जिल्लाका पशुपालक कृषकहरूलाई आफुले पालेका पशुमा देखिने स्वास्थ्य सम्बन्धी समस्या निवारण, रोग नियन्त्रण गर्न सहयोग पुग्ने बताइएको छ । करिब १० करोड रूपैयाँको लागतमा अस्पताल निर्माण गरिने भएको छ।



भिडियो एक्स–रे मेशिनको सहयोगमा पत्थरीको समस्या देखिएको कुकुरको स्वास्थ्य परीक्षण गर्दै पशु चिकित्सकहरू । *तस्विर : भञ्ज्याङ*

# व्यासको १०८ फिट मूर्ति निर्माणका लागि सम्झौता

**भञ्ज्याङ समाचारदाता/दमौली**

व्यास नगरपालिकाले व्यास ऋषिको तपोभूमि शिव पाञ्चायन मन्दिर परिसर क्षेत्रमा महर्षि वेदव्यास ऋषिको १०८ फिट अग्लो मूर्ति निर्माणका लागि आइतबार दुईपक्षीय सम्झौता भएको छ। व्यास नगरपालिकाका तर्फबाट नगर प्रमुख बैकुण्ठ न्यौपाने, कार्यकारी अधिकृत डिल्लीराम सिग्देल र गौरी पार्वती देव एण्ड शयर/ऋषि शक्ति जेभी काठमाडौंबीच सम्झौता भएको हो। बोलपत्रपश्चात पाँच करोड ५० लाख ५५ हजार ६४० रूपैयाँ (मूल्यअभिवृद्धि करसहित)मा दुई तलाको मूर्ति निर्माणको लागि सम्झौता भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सिग्देलले जानकारी दिए। एक वर्षमा सम्पन्न गर्ने गरी ठेक्का लगाइएको छ ।

व्यास पराशर क्षेत्रलाई धार्मिक पर्यटकीय केन्द्रका रूपमा लैजानको लागि व्यास नगरपालिका कार्यालय लागिपरेको छ । उनले भने, "काठमाडौँबाट मुक्तिनाथसम्म जाने पर्यटकहरू दमौली झरेर एक रात बस्ने गरी गन्तव्यस्थलको रूपमा विकास गर्न लागिएको हो ।'

शिव पाञ्चायन संरक्षण समितिले व्यास नगरपालिकालाई जिम्मेवारी दिएपछि बहुवर्षीय योजनाअनुरूप क्रमशः निर्माण गर्दै लैजाने लक्ष्य रहेको नगरपालिकाले जनाएको छ । व्यास नगरपालिका कार्यालय र उक्त फर्मबीच भएको सम्झौताबमोजिम कार्यदिशाको



मितिमा कार्य प्रारम्भ गरी तोकिएको समयमा सम्पन्न गर्नका लागि यो कार्यदिशा प्रदान गरिएको नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताए ।

सम्झौता अनुसार पहिलो चरणमा ५ करोड ५० लाख ५५ हजार ६ सय ४० बराबरको काम हुनेछ । कुल ७१ करोड २ लाख १० हजार ८८९ रूपैया लागतमा निर्माण सम्पन्न गरिने १०८ फिट अग्लो महर्षि वेदव्यासको मुर्ति निर्माणका लागि पहिलो चरणको टेण्डर आव्हान गरिएको व्यास क्षेत्र शिवपाञ्चायन विकास कोषका अध्यक्ष अशोक कुमार श्रेष्ठले जानकारी गराए ।

## सम्पादकीय...........

# निषेधाज्ञामा जनजीवन

नेपालमा अहिले नयाँ भेरियन्ट सहितको दोश्रो लहरको कोरोना भाइरस संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि भन्दै गत वैशाख २३ गतेदेखि तनहुँमा पनि निषेधाज्ञा जारी छ । स्थानीय प्रशासनले निषेधाज्ञालाई केही खुकुलो बनाउँदै असार ७ गतेसम्मका लागि लम्ब्याएको छ । लामो समय निषेधाज्ञा हुँदा अहिले अत्यवाश्यक बाहेक अन्य सबै क्षेत्र बन्द छन् । लामो समय सबै क्षेत्र बन्द हुँदा हुदाखाने त समस्यामा परेका नै छन् भने हुने खानेका लागि पनि समस्या पर्न थालेको छ । विशेष गरी ज्यालमजदुरी खाने वर्गालाई रोगको भन्दा पनि भोकको त्रास बढ्न थालेको छ । गत वैशाख महिनादेखि दोश्रो लहरको कोरोना संक्रमण देखिन थालेको थियो । अहिले विस्तारै संक्रमण र संक्रमणका कारण मृत्यु हुनेको संख्या केही घटेको त देखिएको छ । तर, संक्रमण बजार हुँदै ग्रामीण क्षेत्रमा फैलिएको आशंका गरिएको छ । पछिल्लो समयमा मुलुकभर यसरी संक्रमण र मृत्युदरमा केही न्यूनीकरण आएको देखिएसँगै मानिसको लापरवाही भने बढ्न थालेको छ । कोरोना नियन्त्रणका लागि जारी गरिएको निषेधाज्ञा उल्लंघन गरी नागरिक सडकमा बिनाकाम हिड्डुल गर्ने क्रम विस्तारै बढ्न थालेको छ । बिहान बेलुका यसरी निस्कने मानिसलाई प्रहरीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएको छैन। गल्लीका सडक बजारमा अझै प्रहरीको उपस्थिति न्युन हुँदा झनै लापरर्वाही बढ्दै गएको छ । तनहुँमा निषेधाज्ञा जारी गरिएको एक महिना बितेपनि संक्रमण दर नघटेको भन्दै पुनः असार पहिलो हप्तासम्मका लागि निषेधाज्ञा बढाइएको छ । निषेधाज्ञा जारी गर्दै सुरक्षित रूपमा केही दिन घरमै बस्न अनुरोध गरिएको छ ।

तर, प्रहरीको आँखा छलेर बाहिर निस्कने जमात यत्रतत्र देखिएको छ । कतिपय व्यक्ति दोकान अगाडि बस्ने । अनि ग्राहक आएपछि सटर खोलेर सामान दिने त्यसपछि पुन सटर लगाएर त्यसैगरी कुरेर बस्ने गरेका पनि देखिन्छ । यो क्रम मुलुकका अधिकांश क्षेत्रमा जारी छ । कतिपयले कुनै सामान चाहियो भने फोन गर्नुहोला भनेर सटरमा नम्बर टाँसेर समेत राखेको देखिन्छ । निषेधाज्ञा लगाउनुको उद्देश्य संक्रमणको साङ्लो चुँडाल्नु हो । यस्ता गतिविधिले भने साङ्लो चुँडाल्न समस्या हुन्छ । केही समय सर्बसाधारण आफैँ सचेत हुने हो भने संक्रमण रोक्न सकिन्छ । प्रहरी र प्रशासन तथा सरकार लागि परेर मात्र संक्रमण रोक्न सक्ने अवस्था नभएकाले हामी स्वयं नागरिक नै सचेत र जिम्मेवार बन्नुपर्ने समय छ । कोरोना संक्रमणदर कम हुँदै गएको भन्ने सूचनाहरू सार्वजनिक भएपछि त्यसले मानिसको सोचमा परिवर्तन गरिदिएकाले बाहिर निस्कन मद्दत गरेको पो हो कि भन्ने पनि देखिएको छ । संक्रमण घटेपछि पनि अझै सावधानी अपनाउनु पर्ने अवस्था छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अब तेस्रो र चौथो लहरको कोरोना आउनसक्ने भन्दै चेतनावनी दिइसकेको छ । त्यसबेला बालबालिका बढी खतरामा पर्ने भएकाले त्यसको सामनाका लागि तयारी अवस्थामा रहन अस्पताललाई निर्देशन समेत दिइसकेको छ । यस्तो अवस्थामा कुनै पनि हालतमा लापरवाही गर्न हुँदैन । संक्रमण केही घटे पनि जोखिम कायमै रहेको हुँदा नागरिक आफैँ सचेत भएर सावधानी अपनाउनुपर्ने कुरमा खेलवाड नगरौं । सरकार तथा स्वास्थ्य विज्ञहरूले जारी गरेको निर्देशनलाई पूर्ण पालना गरी जिम्मेवार नागरिकको कर्तव्य पुरा गरौ । समस्या परेको व्यक्ति पहिचान गरी आ–आफ्नो ठाउँबाट सक्दो सहयोग गरौं । यो संकटको घडीमा सरकारको मात्र मुख ताकेर नहुने हुँदा हामी सबै हातेमालो गरी कोरोना विरूद्धको लडाईमा लड्नु पर्छ । केही समय संकट भएपनि त्यसपछिका दिन सुनौला हुने छन् । त्यसैले लापरवाही नगरौं, स्वास्थ्य सुरक्षालाई ख्याल गरौं ।

# एक शताब्दी पुरानो परीक्षा विधिबाट बाहिर निस्कौं

'परीक्षाविनाको सिकाइ हुँदै हुँदैन,' नेपालको शिक्षा प्रणालीमा यो सोच ठूलो समस्याको रूपमा विकास भएको छ । यसकारण सिकाइ र मूल्यांकनलाई छुट्याएर हेर्ने चलन छ। यो कमजोर शैक्षिक चेतनाका उपज हो । यो समस्या आधुनिक शिक्षाको नाममा एसएलसी बोर्डको स्थापना गरेदेखि सुरू भयो । एसएलसी बोर्डको परिकल्पना तत्कालीन अवस्थामा इस्ट इण्डिया कम्पनीले चलाएको शिक्षा प्रणालीसँग मिल्दो थियो । त्यही शिक्षा प्रणालीको नक्कलमा यो परीक्षा बोर्ड स्थापना भयो । त्यसले मूल्यांकनलाई अत्यन्तै साँघुरो रूपमा लियो । बोर्डले 'तीन घण्टा परीक्षा लिए पुग्छ' भन्ने मान्यता राख्यो ।

यसैको निरन्तरता हो एसईई पनि । दुर्भाग्य त विसं १९९० मा परीक्षा लिने विधि जुन छ, अहिले पनि त्यही छ । यदि महामारी नहुने हो भने यसपाली पनि एसईई त्यसरी नै लिइन्थ्यो। प्रश्नहरूमा १९९० र अहिलेको अवस्थामा ठूलो फरक छैन । परीक्षा बोर्डको क्षमता पनि रेस्टिक्टेड भयो । त्यहाँ भएका मान्छे, ब्यूरोक्रेसी र उनीहरूले सल्लाह दिने सबै क्षेत्रमा परीक्षा सर्वेसर्वा भइदियो । विसं २०२८ सालपछि राष्ट्रिय पाठ्यक्रम विकास केन्द्रको विकास भयो । त्यसपछि सरकारका दुई काम देखिए। एउटा पाठ्यक्रम र पाठ्यपुस्तक बनाएर पठाउने र अर्कोचाहिँ परीक्षा लिनुपर्छ भन्नेमा जोड दिने । यो मान्यताले विद्यालयलाई सिकाइ गर्ने थलो भन्दा पनि पढाएर कोर्स सिध्याउने, सूचना दिने र जाँच लिने ठाउँको रूपमा स्थापित गऱ्यो । यही सोचाइबाट सञ्चालित विद्यालयमा सिकाइमा विविधीकरण भएन । विविधीकरणको अर्थ सिकाइलाई विभिन्न ढंगमा बाँड्न सकिन्थ्यो । निश्चित उमेर समूहपछि विदेशमा वर्किङ स्टडी टिम हुन्छ । हाम्रोमा वर्क र स्टडी छुट्याइयो । विद्यार्थीले शारीरिक कामको परिश्रम गर्नुहुँदैन, हातै चलाउनुहुँदैन । बढी भन्दा बढी कलम, किताब, कपी, कलम सिकाइको दायरा यही मात्र हो भन्ने बुझाइयो ।

यस्तो बुझाइ तीन घण्टे जाँचबाट भयो । अहिले हामी जुन अवस्थामा आइपुगेका छौं, यो बेलामा पश्चाताप भएको हुनुपर्छ । यतिका वर्षसम्म हामी यति रेस्टेक्डड भएका रहेछौं, यति गाह्रो भएको रहेछ । आफूले चिनेजानेको विद्यार्थीलाई पनि मूल्यांकन गर्न सक्ने परिपाटी रहेनछ। यो परिपाटीमा न हामी शिक्षकलाई विश्वास गर्छौं । न त राष्ट्रिय परीक्षा बोर्डलाई नै । यतिका वर्षसम्म परीक्षा चलाउँदै आइयो, क्षमता बढाउन सकिएन ।

### मूल्यांकनका विधि

दास्रो लहरको महामारी आउनुअघि हामी एउटा स्कुल भ्रमण गर्न गयौं। त्यहाँको गणित शिक्षकले एउटा प्रश्न उठाउनुभयो, 'सर, बच्चाहरूले कोठा नाप्न जानेका छन् । तर त्यसलाई भनेर कसरी मूल्यांकन गर्ने ? 'जाने भन्ने कुरा कसरी थाहा भयो तपाईंलाई,' मैले सोधेँ । 'उनीहरूले कोठाको लम्बाइ चौडाई नापेर देखाए,' उहाँले भन्नुभयो । मैले सुझाएँ, 'त्यसोभए त्यही लेख्नुस् न । एउटा फाराम बनाउनुस् । डायरी बनाउनुस् र नोट गर्नुस् । यो दिनमा यो विद्यार्थीले यति नाप्यो भनेर । तपाईंसँग मोबाइल छ उसले नाप्दै गरेको फोटो खिच्नुस्। त्यो भन्दा ठूलो उसको सिकाइको प्रमाण अरू के हुन्छ ? उसलाई प्रस्तुत गर्न लगाउनुस् । मैले कसरी नाप्न सिकेँ भनेर लेख्न लगाउनुस् । चित्र कोर्न लगाउनुस्, त्यसलाई पनि स्केच बनाएर रेकर्डमा राख्नुस् ।' मूल्यांकनमा आफ्नै विधिहरु हुन्छन् । यो विधिले मुल्यांकन गर्नु अथेन्टिक एससमेन्ट हो । यो कुरामा प्रणाली लैजाने हो भने सिकाइ र मूल्यांकन सँगसँगै हुन्छ । तर हाम्रो चिन्तन, मेसिनरी लगायत सारा कुराले जाँच नै बुझेको छ । केही दिनअघि एकजना साथीले भन्नुभयो, 'त्यो एसईईकोचाहिँ अनलाइन भए पनि परीक्षा नै गर्नुपर्छ ।'

परीक्षाप्रतिको यो बुझाइमा १९९० कै लिगेसी छ । यो लिगेसी छाडिएन भने खतरनाक हुन्छ। शिक्षाले खराब लिगेसीहरूलाई छाड्न सिकाउनुपर्ने, झन्झन् बोकेर हिँड्न सिकाउने हो कि ! त्यसैले हाम्रो शिक्षा बढी भन्दा बढी ट्रान्जेक्सनल भयो। जे चाहिएको छ त्यति दिने, तर ट्रान्सफर्मेन्नल भएन । एसईईप्रतिको तर्क पनि परीक्षा नहुँदा विद्यार्थीले पढ्दैनन् भन्ने छ । पढ्न त हिजो पनि कहाँ पढ्थे र ! उनीहरूले सर्टिफिकेट प्राप्त गर्नलाई कण्ठ गर्थे । फर्मुलाहरु दुई चार ओटा कण्ठ गर्थे । यस्तो शिक्षा प्रणाली त बनाउनु भन्दा नबनाइकै बेस लाग्छ ।

मेमोरीको क्रियटिभ युज गर्ने र कण्ठ गर्ने कुरा फरक हो । मेमोरी सबैलाई चाहिन्छ । सम्झनु कण्ठ गर्नु फरक कुरा हो । अब यो परिस्थितिमा तर्क कस्ता उठ्न सक्छन् भने एसईई भएन, विद्यार्थीले पढ्दैनन् भन्ने कुराचाहिँ तीन घण्टे जाँचसँग जोडिने हो भने त्यो समाजको जमात, त्यो शिक्षा प्रणाली बन्द गरे हुन्छ । हामीले शिक्षालाई इनोभसनतिर पौ लैजानुपर्ने हो । तर यो नगरिकन विद्यार्थीलाई रटाएर, थर्काएर पढाउनु राम्रो होइन । त्यसरी गर्ने हो भने कस्तो समाज बनिरहेछ त ?

सर्टिफिकेटको लागि १२ मा परीक्षा लिँदा हुन्छ। १२ कक्षाअघि आफूले पढाएको विद्यार्थीलाई राम्रोसँग आफूले नै मूल्यांकन गर्नुपर्छ । मूल्यांकन गर्नु भनेको के त? एउटा विद्यार्थीले वर्षभरि पढ्यो भने ऊ कहाँ छ भनेर ग्रेड दिने आधारहरु प्रस्तुत गर्नुपऱ्यो। जस्तो उसले यो यो काम गरेको छ, यो–यो प्रोजेक्ट गरेको छ । एउटा एभिडेन्स हुनुपर्छ। मेरो कम्प्युटरमा मैले पढाउने विद्यार्थीहरूको कमसेकम उनीहरूले एउटा सेमेस्टरमा ६ महिना उनीहरूले गरेको कामको फेहरिस्त छ । उनीहरूलाई पठाउँछु कि तिमीहरूको यति ग्रेड आयो, फाइनल ग्रेड यति हुन्छ भनेर । सबै जोडेर यति आयो भनेर भन्छौं । यो प्रक्रियाबाट नै हो हामीले मूल्यांकन गर्ने ।

### परीक्षा खारेज गरौं

अहिले स्थानीय निकायमा पनि एउटा लहर आएको देख्छु– परीक्षा लिने । उनीहरूले केवल जानेकै त्यतिमात्र छ । सिकाइकेन्द्रित सोच भएन । मैले पटक–पटक भनिरहेको छु कि अब परीक्षा बन्द गरौं। सिकाइ र मूल्यांकनमा जोड दिऔं । बरू राम्रो गरिरहेका देशका शिक्षा प्रणालीबाट सिकौं। नयाँ–नयाँ मुलुकले जसरी शिक्षामा ग्रोथ गरिरहेका छन्, त्यो ग्रोथ परीक्षा लिएर भएको छैन । धेरै भन्दा धेरै बच्चालाई सिकाइमा जोडेर, धेरैभन्दा धेरै खुला सिकाइमा लगेर भएको छ। राष्ट्रिय परीक्षा बोर्डले एसइई परीक्षा होइन, बरू शिक्षकलाई तालिम दिने सिकाइलाई जतिसक्दो राम्रो बनाउने काम गर्नुपऱ्यो । खाली प्रश्नपत्र मात्र बनाउने काम गर्ने होइन। एउटा विद्यार्थीले प्रस्तुति दियो, प्रस्तुति दिएको कुराको मूल्यांकन कसरी गर्ने त? त्यसबारे केही गरेको छ बोर्डले ? एउटा विद्यार्थीले राम्रो प्रोजेक्ट वर्क गऱ्यो, त्यसको मूल्यांकन कसरी गर्ने ? त्यो कसले दिन्छ त? त्यो म्यानुअल कसले बनाइदिन्छ ? कार्यविधि पनि प्रश्न गर्नुपर्ने भएको छ । सिकाइउन्मुख बनाउने हो भने मूल्यांकन कसरी व्यवस्थित पार्ने, छलफल गर्ने भन्ने बारेमा छलफल चलाउनुपर्छ । शिक्षकहरूलाई सहकार्य गर्दै विद्यालयलाई नै बढी भन्दा बढी उत्तरदायी बनाउँदै जानुपर्छ । अहिले बजेटमा जुन परिणाममुखी भनिएको छ, त्यो दिनका लागि पनि विद्यालयलाई सिकाइ केन्द्रित गराउनैपर्छ । सिकाइकेन्द्रित विद्यालयको मात्रै भविष्य छ ।

अभिभावकले पनि यसमा ख्याल गर्नुपर्ने कुरा छ । शिक्षकहरूको अभिभावकप्रति पनि गुनासो छ, 'सधैं ग्रेड खोज्ने । आफ्ना सन्तानलाई टर्चर दिने ।' भोलि इन्जिनियर डाक्टर भएर मात्रै भविष्य बन्ने होइन । यसरी दबाब दियो भने पनि शिक्षा प्रणाली राम्रोसँग बन्दैन । हामीले १५ वर्षयता हेरौं । एसएलसीको ग्रेड र हाइयर एजुकेशनको फेल पास हेरौं । कति कम छ। पहिल्यैदेखि नै पास प्रतिशत न्यून छ । किन यस्तो भयो त ? सिकाइलाई प्राथमिकता दिएको थियो भने विद्यार्थी सफल हुन्थे । सिकाइलाई प्राथमिकता दिएनौं, जाँचमा लेख्ने कुरालाई प्राथमिकता दियौं । जेमा प्राथमिकता दियौं यसले गर्दा विद्यार्थीको करिअर बिग्रियो। एसएलसी र र १२ मा राम्रा गरेका विद्यार्थीको १५ वर्षयता डाटा हेर्ने हो भने उनीहरूको स्नातक लेभलमा राम्रो छैन । यो विषयमा घोत्लिएर हेर्नुपर्ने हुन्छ । हामी हाम्रै छिमेकीको अगाडि पनि ७० वर्ष पछाडि परिसकेका छौं । यो सन्दर्भमा परीक्षा, एसइई जस्ता साना तिना स्वार्थले विद्यार्थीको भविष्य अन्योल नपारौं।

सा. नेपालप्रेस डटकम

*(लुइँटेलसँग नेपाल प्रेसका लागि समर्पण श्रीले गरेको कुराकानीमा आधारित)*



बालचन्द्र लुइँटेल

**अभिभावकले पनि यसमा ख्याल गर्नुपर्ने कुरा छ। शिक्षकहरूको अभिभावकप्रति पनि गुनासो छ, 'सधैं ग्रेड खोज्ने। आफ्ना सन्तानलाई टर्चर दिने।' भोलि इन्जिनियर डाक्टर भएर मात्रै भविष्य बन्ने होइन । यसरी दबाब दियो भने पनि शिक्षा प्रणाली राम्रोसँग बन्दैन । हामीले १५ वर्षयता हेरौं ।**




इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्बुलेन्स व्यास न. हस्पिटल : | ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स | - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँबुखैरेनी | - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँबु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- | ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) | - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- | ५७०२४० |

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
मध्याह्नदेखि अध्ययनमा प्रगति हुनेछ र ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
अरूका लागि श्रम तथा बुद्धि खर्चनुपर्ला । पशुधनबाट लाभ उठाउन सकिनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
कमजोरीले चिन्ता बढाउनेछ भने परिस्थितिवश चिताएको काम रोकिन सक्छ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार पनि प्राप्त हुने समय छ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
अध्ययनमा विशेष प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । प्रयत्न गर्दा यात्राको अवसर पनि प्राप्त हुनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
विशेष भेटघाटले उत्साह जगाउनेछ। छिद्र खोतल्नेहरूबाट भने अलि सावधान रहनुहोला ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
सहयोगीहरूले साथ दिन छाड्नेछन् भने अस्वस्थताले कमजोर महसुस हुनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
समयमै काम पूरा हुनाले उत्साह जाग्नेछ । विवादास्पद अभिव्यक्तिले भने केही अलमल्याउन पनि सक्छ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
पहिलेका कामबाट पनि प्रशस्त लाभ हुनेछ । उठ्नुपर्ने रकम हातलागी हुने समय छ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
थोरै भए पनि व्यापारमा लाभ हुनेछ । व्यवसायका लागि यात्रा गर्ने साइत जुर्न सक्छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
हल्लाको पछि लाग्दा दु:ख पाइनेछ। मध्याह्नदेखि अध्ययनमा प्रगति हुनेछ ।



**सूर्यमुखीको अनुगमन :** पाल्पाको रामपुर नगरपालिका–५, बेभ्फाड खेतमा किसानले लगाएका सूर्यमुखी बाली अवलोकन गर्दै वडा अध्यक्ष हिमाल मल्ल, कृषि शाखा प्रमुख रामहरि पाण्डेय लगायत टोली । पकेटक्षेत्र कार्यक्रम अन्तर्गत यहाँ करिब २०० रोपनी क्षेत्रफलमा सूर्यमुखीको व्यावसायिक खेती गरिएको छ ।
*तस्बिर : सुशीला रेग्मी/रासस*

# कोरोनाको प्रभाव : ढिकीजाँतो र हाते मुसलको आवाज गुञ्जिन थाल्यो

**पुरूषोत्तम थापा**/दुल्लु

नारायण नगरपालिका–२ का जगत थापाका घरमा ढिकीको ओखल प्रयोगमा नआउँदा फालिएको ढुङ्गाका रूपमा परिणत हुँदै गएको थियो । ओखलको आकृतिलाई उहाँका बुबा र आमालाई मात्र त्यो ढिकीको हो भन्ने थाहा थियो बाँकी कसैलाई पत्तो थिएन । उहाँहरु बाहेकलाई काम नलाग्ने ढुङ्गा नै लाग्थ्यो । आजभोलि त्यो काम नलाग्ने ढुङ्गा नै घरको भान्सा तयार गर्ने पीठो, चामल र दाल तयार गर्ने मेसिन भएको छ । आजभोलि प्रत्येक दिन पिसानी कुटानीमा प्रयोगमा आएको छ । जीर्ण बनिसकेको ओखललाई पुनःनिर्माण गरी ढिकीमा परिणत गरी कुटानी पिसानी गर्न थालिएको छ । आ□नो पालाको ढिकी फेरि छोराले बनाएर कुट्ने पिस्ने काममा ल्याउँदा उहाँका बुबा ९० वर्षीय भीमबहादुर थापा पनि हर्षित हुनुहुन्छ । आफू तत्कालीन समयमा भारतीय सेनामा कार्यरत भएको पहिलो छुट्टीमा आउँदा २०३० सालमा ढिकी घरमा हालेको सम्झना गर्नुहुन्छ ।

उहाँ धेरै वर्ष यो ढिकीमै कुट्ने पिस्ने गरियो यी सबै केटाकेटी नै त्यही ढिकीको भात र रोटी खाएर हुर्केको बताउनुहुन्छ । २०४३ सालमा पानी मिल र घट्ट पनि बन्यो अनि बल्ल त्यहाँ जान थालेको उहाँको अनुभव छ । २०५२ सालमा गाउँमै टुकटुके मिल बनेपछि यो ढिकीको प्रयोग हुन छोड्यो छोराबुहारीलाई नि सजिलो भयो सबै मिलमा जान थाले त्यसपछि यो ढिकी भत्केको हो यो ओखलमात्र थियो फेरि पुरानै ढिकी ठडियो । उहाँले भन्नुभयो, "आफ्ना त हातखुट्टा आउँदैन अहिले सबै मिलमा जान्छन् तर यो कोरोनाले फेरि ढिकी घरमा छोराले बनायो, अब यी सबै रोगभोग हेर्दा पुरानै जमाना आउन लागेको छ ।"

विसं २०५२ मा ढलेको ढिकी थापाको आगनमा फेरि जस्ताको उस्तै बनेको छ । अहिले प्रत्येक दिन थापाको घरमा ढिकीको आवाज सुनिन्छ त्यसैको कुटानी पिसानीबाट भान्सा तयार हुन्छ। भुलिसकेको ढिकीजाँतो फेरि कोरोनाले बनाएर कुट्ने पिस्ने बनाएको जगत थापाले बताउनुभयो। गाउँका मिल सबै बन्द छन् त्यसमा नि कोरोना सर्ला भन्ने डर अहिले आफूलाई न कुट्ने पिस्नेको चिन्ता न कोरोना सर्ने डर घरमा सबै मिलेर काम गर्दा सहज अनि मिलमा जाने पैसाको नि बचत भाको उहाँको भनाइ छ । अहिले उहाँको मात्र होइन प्रायः जीर्ण र भत्काइसकेका ढिकीजाँतो र हाते मुसल घरघरमा निर्माण गरिएका छन्। भैरबी–३ का सर्बराज थापाको घरमा पनि अहिले जाँतो र ढिकी छ। उहाँ अहिले कुटानी पिसानी ढिकीजाँतोबाटै गर्ने गरेको बताउनुहुन्छ। मिलमा पिसेको–कुटेकोभन्दा स्वाद पनि मीठो भएको र त्यहाँ जाने पैसा नि बचत भएको अनि मिलबाट रोग सर्ने खतरा पनि आफूहरूलाई नभएको उहाँले जानकारी दिनुभयो। आजभोलि गाउँघरमा बिहानबेलुकी ढिकीजाँतोको आवाज आउन थालेको दुल्लु नगरपालिकाका नगरप्रमुख घनश्याम भण्डारी बताउनुहुन्छ। आधुनिक मिल र पानीघट्टले लोभ नै हुन थालेका यी हाम्रा परम्परागत कुटानी–पिसानीका साधन कोरोनाका कारण मिल बन्द हुँदा पुन निर्माण अनि पुनः प्रयोगमा आएकामा आफू खुशी भएको उहाँको भनाइ छ ।

"हाम्रो मौलिकता हराइसकेको थियो भने अर्ग्यानिक खाना खान छोड्दा अनेकौं रोगको सिकार नि भएका थियौँ । कम्तीमा आत्मनिर्भर र अर्ग्यानिक खाना त खान पाउने भए अर्को नयाँ पुस्ताका लागि यी सामग्रीका बारेमा बुझ्ने मौका मिल्यो" उहाँले भन्नुभयो । आधुनिक मिल र पानीघट्टको प्रयोगले लोभ हुनै थालिसकेको ढिकीजाँतो र हाते मुसलको पुनः प्रयोग हुन थालेको छ। कोरोनाका कारण प्रशासनले लगाएको निषेधाज्ञा र आफूलाई नि कोरोना सर्ने डरले सञ्चालकहरूले मिल र घट्ट बन्द गरिदिँदा ढिकीजाँतो र हाते मुसलको प्रयोग गर्नेको सङ्ख्या बढेको हो । अहिले अधिकांश गाउँमा कुटानी–पिसानी कार्यमा यी पुराना साधनको प्रयोग हुन थालेको हो ।

मिल र पानीघट्ट सञ्चालकले बन्द गर्दा यी पुराना परम्परागत साधनको पुनर्निर्माण र पुनः प्रयोग गर्न बाध्य भएको स्थानीयवासीले बताउनुहुन्छ । लकडाउनदेखि आफूले मिल बन्द गरेको थापा कुटानी–पिसानीका सञ्चालक हस्तबहादुर थापाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो "अब त गाउँमा कोरोनाको जोखिम छ भन्ने सुनिन्छ कति त मिलमा आउँछन् । आफैँले नचलाउने भनी फर्काउने गरेको छु ।" पैसाको लोभले मिलमा आएकाबाट कोरोना गाउँमा फैलिने हुँदा आफूले सबैलाई बरू ढिकीजाँतोबाटै कुटानी–पिसानी गर्न सल्लाह दिएको उहाँ बताउनुभयो। अहिले गाउँमा सबैले ढिकीजाँतो प्रयोग गर्ने गरेको उहाँको भनाइ छ ।

लोप नै भइसकेका ढिकीजाँतो र हाते मुसल पुनः प्रयोगमा आउँदा अर्ग्यानिक खाना पनि खान पाउने परम्परागत संस्कृति पनि जोगिने अवसर आएको शिक्षक पार्वती पोख्रेलले जानकारी दिनुभयो। विद्यार्थीलाई ढिकीजाँतोका बारेमा पढाउँदा के हो यो कस्तो हुन्छ भन्ने प्रश्न गर्थे अब उनीहरूका लागि नि प्रयोगात्मक शिक्षा हुने उहाँको तर्क छ । अहिले सबै गाउँमा ढिकीजाँतोको र हाते मुसलको आवाज फेरि गुञ्जिन थालेका छन् । गाउँहरु पुरानै मौलिकता फर्किएको भान भएको रमेश खड्का बताउनुहुन्छ। करीब २० वर्षपछि पहिलेकै गाउँमा बसेको अनुभव भएको पुरानो गाउँको कुनै अनुभव हुन्थेन सबै आधुनिक जीवनशैलीको रहनसहनमा थिए। बल्ल ढिकीजाँतोको आवाजले उस्तै अनुभव भएको उहाँले बताउनुभयो । रासस


## कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार

कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर व्यवस्थापक समक्ष पन्ध्र दिनभित्र लिखित वा मौखिक रूपमा गुनासो गर्न सक्छ । (कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१)

अनुरोधक
प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल ।
सम्पर्क नं. : ०६१–४६७७३२, ४६७७३३


# भारतमा अझै पनि दैनिक ८० हजार संक्रमित

**रासस/एएनआई (नयाँ दिल्ली)**

भारतमा पछिल्लो २४ घण्टामा कोरोनाभाइरसबाट थप ८० हजारभन्दा बढी सङ्क्रमित भएका छन् । सरकारी अधिकारीहरूले आइतबार दिएको जानकारी अनुसार थप ८० हजार ८३४ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको हो । "एकैदिनमा यति मानिस संक्रमित भएको ७१ दिनपछिकै सबैभन्दा थोरै हो," केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। पछिल्ला केही दिनदेखि भारतमा दैनिक सङ्क्रमितको संख्यामा कमी हुँदै आएको देखिएको छ ।

भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट संक्रमित भएकाहरूको कुल संख्या दुई करोड ९४ लाख ३९ हजार ९८९ पुगेको छ। संक्रमित अवस्थामै रहेकाहरूको कुल संख्यामा दैनिक ५ प्रतिशतले कमी हुँदै आएको पनि अधिकारीहरूले जानकारी दिएका छन्। स्वास्थ्य मन्त्रालयका अनुसार अहिलेसम्म भारतमा कोरोनाभाइरस संक्रमणका कारण मृत्यु भएकाहरूको संख्या तीन लाख ७० हजार ३८४ पुगेको छ । ती मध्ये तीन हजार ३०३ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो ।

भारतमा एक दिनमा एक लाख ३२ हजार ६२ जना कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन् । योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट संक्रमणमुक्त भएकाहरूको कुल संख्या दुई करोड ८० लाख ४३ हजार ४४६ पुगेको छ। कोरोना भाइरस विरूद्ध भारतभरी अहिलेसम्म २५ करोड ३१ लाख ९५ हजार ४८ खोप प्रयोग भएको मन्त्रालयले जनाएको छ ।


## स्वास्थ्य परीक्षण सम्बन्धी सुचना !

**असार ५ गते शनिबार**

१) पोखरा गण्डकी मेडिकल कलेज र पोखरा डाइविटिज–एण्ड–थाइराइड सेन्टरका वरिष्ठ फिजीसियन, मधुमेह तथा थाईरोइड रोग विशेषज्ञ **डा. तिर्थलाल उपाध्याय**द्वारा शरीर गल्ने, मुख सुक्ने, पिसाब छिटोछिटो हुने, भोक लागिरहने तर दुब्लाउदै जाने, शरीर सुनिने, प्रेसर बढी हुने, मुटुको समस्या आउने, मन आतिने, शरीर भारी हुने, कपाल झर्ने, बच्चा नहुने बाँझो पना आउने आदि समस्या भएमा तुरून्त सम्पर्क राखी सेवा लिनु होस्।

**हाम्रा उपलब्ध सेवाहरू :**

दैनिक बिरामी जाँच, प्याथोलोजी(Lab) जस्तै sugar fasting, PP, thyroid, Hba1c , RFT, LFT, Lipid profile, रगत सम्बन्धी सम्पुर्ण जाँच । Vedio x-ray सेवा, ECG सेवा, घाउ Dressing, Suturing सेवा, गुणस्तरीय फार्मेसी सेवा दिनुको साथै Regular खाने सुगर, प्रेशर, मुटु, मानसिकका औषधीहरू पनि बिक्रीवितरण गरिएको छ ।

**सामाजिक दुरी कायम गरी उपचार गरिने छ ।**

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**
व्यास–२, दमौली तनहुँ । फोन : ०६५–५६१५७८, ९८४६०६२४६५


घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं




# तनहुँमा एक साता लम्बियो निषेधाज्ञा

भञ्ज्याङ समाचारदाता/दमौली

कोरोना भाइरस संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि भन्दै गत वैशाख २३ गतेबाट जारी गरिएको नेषिधाज्ञा पुनः एक हप्ता लम्बिएको छ । जिल्ला प्रशासन कार्यालय तनहुँले असार ७ गते राती १२ बजेसम्मका लागि निषेधाज्ञा लम्ब्याएको हो । पछिल्लो पटक थप गरिएको निषेधाज्ञाको अवधि सोमबारबाट सकिंदै छ । निषेधाज्ञालाई केही खुकुलो बनाउँदै एक हप्ता लम्बाइएको प्रमुख जिल्ला अधिकारी सागार आचार्यले जानकारी गराए ।

प्रजिअ आचार्यको अध्यक्षतामा आइतबार बसेको जिल्ला कोभिड संकट व्यवस्थापन समितिको बैठकले गरेको सिफारिसका आधारमा अब बैंक तथा वित्तिय संस्था विहान १० देखि दिउँसो एक बजेसम्म खुल्न दिने निर्णय गरिएको छ । तर अति आवश्यक परेकालाई मात्र सेवा उपलब्ध गराइने सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालले बताए।

यस्तै, निषेधाज्ञाको अबधिमा अत्यावश्यक सेवाहरूसंगै खाद्यान्न, तरकारी, फलफूल, दुध र दुग्धजन्य पदार्थ, माछामासु, अण्डा, दाना, पशुपंक्षीको उत्पादन र बिक्री वितरण, निर्माण सामाग्रि पसल सञ्चालन, सवारी साधान र मोबाईल मर्मत सेवा बिहान ५ देखि १० बजेसम्म खुल्ला गर्न दिइने भएको छ । बैठकले यी बाहेक अन्य सबै क्षेत्र बन्द गर्न निर्देशान गरेको छ । जिल्ला भित्र र बाहिर चल्ने निजी सार्वजनिक सवारी साधानहरू अनुमति बेगर सञ्चालनमा रोक लगाइएको छ । उत्पादन र सार्वजनिक निर्माण कार्यमा खटिने जनशक्तिलाई निर्माण व्यवसायीको तर्फबाट निर्माण स्थलमा नै खाने बस्ने प्रवबन्ध गरी स्वास्थ्य तथा सुरक्षाको सबै मापदण्डको पूर्ण पालना गर्ने गरी सञ्चालन दिने भएको छ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
फोन ०६५ ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७
पत्र संख्या-:०७७७८/
चलानी नम्बर
मिति-:२०७८।०२।३०

तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

तनहुँ जिल्लामा कोभिड-१९ को संक्रमणको जोखिम कायमै रहेको भनि यस अघि जारि भएको निषेधाज्ञाको आदेश सम्बन्धमा मिति २०७८।०२।३० गते बसेको जिल्ला कोभिड व्यवस्थापन समितिको बैठकले कोभिड-१९ को जोखिम अझै कमी नभएको र समुदायमा व्यापक फैलिन सक्ने अवस्थालाई ध्यानमा राखि उक्त निषेधाज्ञाको आदेशलाई निरन्तरता दिन सिफारिस गरेको समेतका आधारमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरि यस अघि जारि गरेको निषेधाज्ञाको आदेशलाई निरन्तरता दिंदै मिति २०७८।०३।०७ गते राती १२:०० बजे सम्म तनहुँ जिल्ला भर लागु हुने गरि देहायको आदेश बमोजिमको निषेधाज्ञा जारी गरिएको छ । यो आदेश पालना गर्नु गराउनु सबै व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ । यदि कोही कसैबाट यो आदेशको उल्लंघन भएमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ

तपसिल

१. निम्न व्यवसायिक कार्य र सेवालाई स्वास्थ र सुरक्षाको मापदण्ड पूरा गरेर निर्वाध रुपमा सञ्चालन हुने वातावरण बनाउने।

(क) अत्यावश्यक सेवाहरु जस्तै: एम्बुलेन्स, ग्यास, पेटोलियम पदार्थ, खानेपानी, औषधि तथा उपचार सामाग्रीहरु, स्वास्थ्य संस्था, अस्पताल, भेटेनरी अस्पताल, भेटेनरी औषधि पसल, दुरसञ्चार, इन्टरनेट, फोहरमैला व्यवस्थापन, मल, विउ र कृषि सामाग्री, बैंकको ए.टि.एम. सेवा, डाँक सेवा र सार्वजनिक निर्माण सम्बन्धि कार्य र सेवाहरु, ढुवानी सेवा, छापाखाना, पुस्तक र स्टेशनरी सेवा ।

(ख) जिल्ला भर नै खाद्यान्न, तरकारी, फलफूल, दुध र दुधजन्य पदार्थ, माछा, मासु, अण्डा, दाना, पशु, पंछीको उत्पादन र बिक्रि वितरण र निर्माण सामाग्री पसलको संचालन, सवारी साधन र मोवाईल मर्मत सेवा । (विहान ५:०० बजे देखि १०:०० बजे सम्म मात्र)

२. सवारी पास लिएर संचालन गर्न दिने सेवा र कार्यहरु:-

(क) माथि उल्लेख भएका बाहेक अन्य अत्यावश्यक काम (अस्पताल आउने जाने, विरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य सहभागी हुनु पर्ने अवस्था) का लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनु पर्ने।

(ख) सञ्चारकर्मीको हकमा सूचना विभाग वा सम्बन्धित Media House ले जारी गरेको परिचय पत्रको आधारमा आवत जावत गर्न दिने।

**निषेधाज्ञामा के गर्न पाइन्छ? के गर्न पाइदैन ?**

स्वास्थ्य र सुरक्षाका सबै मापदण्ड पुरा गरेर अत्यावश्यक सेवाहरू एम्बुलेन्स, ग्यास, पेट्रोलियम पदार्थ, खानेपानी, औषधी तथा उपचार सामाग्रिहरू, स्वास्थ्य संस्था, अस्पताल, दुरसञ्चार, इन्टरनेट, फोहरमैला व्यवस्थापन, बैंकको एटिएम सेवा, डाँक सेवा र सार्वजनिक निर्माण सम्बन्धी कार्यहरू सञ्चालन गर्न पाउने व्यवस्था गरिएको छ ।

यस्तै, खाद्यान्न, तरकारी, फलफूल, दुध र दुधजन्य पदार्थको उत्पादन र बिक्री वितरण बिहान ५ देखि १० बजेसम्ममात्र सञ्चालन गर्न पाइने भएको छ भने निर्माण सामाग्रिका पसल र सार्वजनिक निर्माणका लागि ढुवानी गर्ने साधान सञ्चालन गर्न दिने जिल्ला प्रशासन कार्यालय तनहुँले जनाएको छ ।

तनहुँ प्रशासनले अस्पताल आउने जाने, विरामी र कुरूवा, मृत्यु संस्कारमा अनिवार्य सहभागि हुनुपर्ने अवस्थाका लागि सवारी पासको अनुमति लिनुपर्ने जनाएको छ । यस्तै, सञ्चारकर्मीको हकमा सूचना विभाग वा सम्बन्धित सञ्चार गृहले जारी गरेको परिचयपत्रको आधारमा आवत जावत गर्न दिने व्यवस्था गरेको छ ।

निषेधाज्ञाका समयमा सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लव, हेल्थ क्लव, जिम खाना, स्विमिङपुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रंगशालामा हुने दर्शक सहितको खेलकूद, तालिम, सेमिनार, भौतिक उपस्थितिमा गरिने शिक्षण, प्रशिक्षण र मानिसहरूको भिडभाड हुने अन्य प्रकारका कार्य गर्न रोक लगाएको छ। मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जमघट, सामाजिक र साँस्कृतिक कार्यहरू विवाह, व्रतबन्ध जस्ता कार्यमा पनि प्रतिबन्ध लगाएको छ । अत्यावश्यक सेवा सञ्चालन गर्ने बाहेकका कार्यालयहरूले सेवा प्रवाह बन्द गरी आन्तरिक कार्य मात्र गर्ने, सरकारी कार्यालय र अन्य सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरूको सवारी साधानको हकमा परिचयपत्रको आधारमा आन्तरिक आवतजावत गर्न दिने व्यवस्था गरिएको छ ।

जिल्ला भित्र र जिल्ला बाहिर चल्ने निजी र सार्वजनिक सवारी साधानहरू सवारी पास बेगर सञ्चालन गर्न नपाईने, बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने सेवा शाखा प्रबन्धकले स्वास्थ्य तथा सुरक्षाका सबै मापदण्ड पूरा गराई न्यूनतम कर्मचारीको अपस्थितिमा सञ्चालन गर्नुपर्ने, सार्वजनिक निर्माण कार्यमा खटिने जनशक्तिलाई निर्माण स्थलमा नै खाने बस्ने प्रबन्ध गर्नुका साथै स्वास्थ्य तथा सुरक्षाका सबै मापदण्डको पूर्ण पालना गर्ने गरी सञ्चालन गर्नुपर्ने, भारत र अन्य मुलुकबाट तनहुँ जिल्लामा आउने व्यक्तिले अनिवार्य रूपमा १० दिन क्वारेन्टिनमा बस्नुपर्ने तनहुँ प्रशासनले जनाएको छ ।

साबुन पानीले मिचिमिचि हात धुने बानीको विकास गरौं ।

## फेसबुक ट्विटर

facebook twitter



**अविरल**
twitter.com/bistakaji41
जिन्दगीको यात्रा कहाँ सरल रेखा जस्तो हुन्छ र ! बिभिन्न सम्बन्धहरु निभाईन्छन्, सम्बन्धहरु मलजल गरिरहन पर्छ । जिन्दगीको दौरानमा नयाँ नयाँ सम्बन्धहरु गाँसिन्छन् र कति सम्बन्धहरु टुट्छन्; सम्बन्धको डोरी कस्दै जानुपर्छ । हर कोहीको जिवनमा आउने उतार चढावको ब्यवस्थापन नै जिवन हो ।



**ठकुरी मिरा**
twitter.com/thakurimira
खुल्ला किताब रहेछ जिन्दगी पनि हजुर बाहिरी कभर राम्रो लागेर पढ्नेहरू त धेरै भेटिन्छन् यहाँ तर भित्री पेजहरूमा लेखिएका शब्दहरू बुज्ने मान्छे एक दमै काम भेटिन्छ !



**अशोक खरेल**
twitter.com/askharel
मान्छे आफ्नो हुन्छ तर रोग आफ्नो हुँदैन भनेझैं मान्छेहरूले गर्ने गरेको गल्ती पनि एक रोग नैं हो, जुन जति लुकाउँदै गयो त्यतिनै ठूलो हुँदै जान्छ ।

# १२ बजेसम्म पसल खोल्न माग

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँ उद्योग वाणिज्य संघ दमौली बजार एकाईले १२ बजेसम्म सबै पसल खोल्न पाउनुपर्ने माग गरेको छ । इकाईले सबै व्यवसायीलाई कोभिडविरूद्धको खोप निःशुल्क दिन पनि सरकारसँग माग गरेको छ । एकाईका सभापति भुपाल आलेको अध्यक्षतामा दमौलीमा आइतबार बसेको सर्वपक्षीय बैठकले यस्तो माग गरेको हो । बैठकले हरेक दिन मध्याह्न १२ बजेसम्म पसल खोल्न पाउने व्यवस्था गर्न समेत प्रशासन र स्थानीय तहसँग माग गरेको छ ।



बैठकले व्यवसायीको बैंक तथा वित्तीय संस्थाको ब्याज छुट तथा किस्ता भुक्तानीको समय थप गर्न समेत बैंकसँग माग गरेको एकाईका सचिव माधव न्यौपानेले जानकारी दिए । यसैगरी आन्तरिक राजस्व कार्यालय र स्थानीय निकायमा कर छुटका लागि समेत बैठकले माग गरेको छ । बैठकले जिल्ला कोभिड संकट व्यवस्थापन समितिको बैठकमा व्यवसायीको छाता संगठन तनहुँ उद्योग वाणिज्य संघलाई अनिवार्य सहभागी गराउन समेत माग गरेको छ। एकाईले यी मागहरू तनहुँ उद्योग वाणिज्य संघ मार्फत सम्बन्धित निकायमा पुग्ने अपेक्षा समेत गरेको सभापति आलेले बताए।

# भनु नगरपालिकाद्वारा कक्षा ८ को नतिजा प्रकाशित

भञ्ज्याङ समाचारदाता/भानु

भानु नगरस्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ को नतिजा प्रकाशन गरिएको छ । आधारभूत तह उत्तीर्ण परीक्षा समितिको आइतबार बसेको बैठकले नतिजा प्रकाशन गर्ने निर्णय गरेको हो । कोभिड-१९ को महामारी तथा सोबाट सिर्जित समस्या एवं बन्दाबन्दीका कारण प्रत्यक्ष भौतिक रुपमा उपस्थित भई परीक्षा लिने अवस्था नरहेकोले विद्यालयका त्रैमासिक परीक्षाहरु र आन्तरिक मूल्यांकनको आधारमा प्रधानाध्यापकको संयोजकत्वमा गठित विद्यालयस्तरीय परीक्षा समितिको निर्णय बमोजिम विद्यार्थीको मूल्यांकन गरेर नतिजा प्रकाशन गरिएको नगरपालिकाका नगर शिक्षा अधिकारी ध्रवराज पौडेलले जानकारी गराए ।

उनले भने, 'विद्यालयस्तरीय परीक्षा समितिको निर्णयानुसार प्राप्ताङ्क प्रमाणित गरी सफ्टवेयरमा ईन्ट्री गरेर नगरपालिकामा प्राप्त हार्डकपि समेतलाई अध्ययन, रूजु र प्रमाणित पश्चात तोकिएको योग्यता र आवश्यक कागजातहरु हेरेर परीक्षा समितिले नतिजा प्रकाशन गरेको हो ।'




कूल सम्मिलित ७८९ परीक्षार्थीहरु मध्ये ६० जनाले २ देखि २.९ जिपिए, २.४ देखि २.७९ जिपिए २५२ जना, २.८ देखि ३.१९ जिपिए १३७ जना, ३.६ देखि ३.९९ जिपिए ८४ जना र ४ जिपिए ३ जनाले प्राप्त गरेका छन् ।

यस्तै, नगरपालिकाले यस पटकको परीक्षामा स्तरवृद्धिका लागि मौका परीक्षाको व्यवस्था गरेको छैन । यदि कुनै विद्यार्थीको कुनै विवरण सँच्याउनु परेमा नतिजा प्रकाशन भएको मितिले ६ महिना भित्र सम्बन्धित विद्यालय र वडा कार्यालयको सिफारिस साथ निवेदन दिनुपर्ने नगर शिक्षा अधिकारी पौडेलले बताए।

'प्रकाशित नतिजा बमोजिम विद्यार्थीको मार्कलेजर र ग्रेडसिट नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट बितरण भैरहेको छ । सोको लागि सम्बन्धित विद्यालयका प्रधानाध्यापक विद्यालयको छाप समेत लिई उपस्थित हुन अनुरोध गरेका छौं, उनले भने, 'आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ को लागि विद्यार्थी मुल्यांकन, तथ्यांक प्रबिष्टि, प्रमाणीकरण तथा अन्य विविध पक्षमा विद्यालयका प्रधानाध्यापक, विषयगत शिक्षक तथा कर्मचारी, विद्यार्थी, अभिभावक, सफ्टवेयर सञ्चालक प्राविधिक, शाखाका सबै कर्मचारीहरु लगायत सबैमा हामी हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।'



अनुरोधक
स्वास्थ्य कार्यालय, तनहुँ




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६०९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४